आज मिति २०८३ साल बैशाख २३ गतेका दिन त्रिपुरासुन्दरी गाउँ कार्यपालिकाको आ.व. २०८२।०८३ को सातौं बैठक गाउँपालिका अध्यक्ष श्री भक्तध्वज बोहराको अध्यक्षतामा तपशिलका पदाधिकारीहरुको उपस्थितिमा बसी देहायका विषयवस्तुमा छलफल गरी निर्णय गरियो ।

उपस्थिति:

| क्र.स | पद | नाम,थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री भक्त ध्वज बोहरा | |
| २ | उपाध्यक्ष | श्री गिता कुमारी नेपाल | |
| ३ | वडा अध्यक्ष | श्री सिताराम थापा | |
| ४ | वडा अध्यक्ष | श्री रमेश राउत | |
| ५ | वडा अध्यक्ष | श्री शिव कुमार कार्की | |
| ६ | वडा अध्यक्ष | श्री टेक बहादुर गुभाजु | |
| ७ | वडा अध्यक्ष | श्री यादप श्रेष्ठ | |
| ८ | वडा अध्यक्ष | श्री रमेश बोहरा | |
| ९ | कार्यपालिका सदस्य | श्री विकास पहरी | |
| १० | कार्यपालिका सदस्य | श्री किरण थामी | |
| ११ | कार्यपालिका सदस्य | श्री स्वस्थानी गुरुङ | |
| १२ | कार्यपालिका सदस्य | श्री ज्ञानी थामी | |
| १३ | कार्यपालिका सदस्य | श्री रमिता वि.क. | |
| १४ | कार्यपालिका सदस्य | श्री देवकी दमाई ( नेपाली ) | |
| १५ | प्र.प्र.अ. (सदस्य सचिव) | श्री सुनिल नेपाली | |

**प्रस्तावहरु:**

प्रस्ताव नं. १: अघिल्लो कार्यपालिका बैठकको समीक्षा सम्बन्धमा।

प्रस्ताव नं. २ : "MoU on Project Aid to Nepal" कार्यक्रम अन्तर्गतको वस्तुगत सहायता सम्बन्धमा।

प्रस्ताव नं. ३ : वस्तुगत सहायता ढुवानीको लागि प्रतिवद्धता सम्बन्धमा।

प्रस्ताव नं. ४ : गाउँ शिक्षा समितीको निर्णय अनुमोदन सम्बन्धमा।

प्रस्ताव नं. ५ : स्थानीय विपद् व्यवस्थापन समितिको निर्णय अनुमोदन सम्बन्धमा।

प्रस्ताव नं. ६ : पालिकास्तरिय तथा वडा स्तरीय योजना संशोधन तथा रकमान्तर सम्बन्धमा।

प्रस्ताव नं. ७ : म्याद थप सम्बन्धमा।

प्रस्ताव नं. ८ : विविध।

**निर्णयहरु:**

**निर्णय नं. १ :** गाउँ कार्यपालिकाको मिति २०८२।१२।०३ गतेको कार्यपालिकाको बैठकबाट भएका निर्णय कार्यान्वयनको सम्बन्धमा आजको यस कार्यपालिका बैठकमा छलफल तथा समीक्षा गरियो।

**निर्णय नं. २:** प्रस्ताव नं २ उपर छलफल गर्दा नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०८१/०५/२० मा प्रकाशित जनवादी गणतन्त्र चीनको स्वशासित क्षेत्र सिजाङ (तिब्बत) को सहयोगमा सिमावर्ती जिल्लाहरुका स्थानीय तहहरुलाई वस्तुगत सहायता लगायत क्षमता विकास सम्बन्धी तथा पूर्वाधार विकास सम्बन्धी आयोजनाहरुका लागि प्रस्ताव पेश गर्ने सूचना अनुसार यस त्रिपुरासुन्दरी गाउँपालिकाको तर्फबाट "MoU on Project Aid to Nepal" कार्यक्रम अन्तर्गत वस्तुगत सहायता तर्फको निर्माणमुखी उपकरण अन्तर्गत पेश गरिएको "**ग्रामीण सडक मर्मत तथा सडक स्तरोन्नतिका लागि डोजर सहायता**" सम्बन्धी प्रस्ताव स्वीकृत भई जनवादी गणतन्त्र चीनको स्वशासित क्षेत्र तिब्बतस्थित नीलम (Nyalam) वैदेशिक मामिला कार्यालयबाट प्राप्त हुने सुनिश्चित भएको १ थान SZ776 मोडलको ब्याकहो लोडर (Backhoe Loader) वस्तुगत सहायतालाई कृतज्ञतापूर्वक स्वीकार गर्ने र सो मेसिन तातोपानी सुख्खा बन्दरगाह भन्सार कार्यालय (Tatopani Dry Port Customs Office) बाट बुझिलिई नेपाल भित्र्याउँदा लाग्ने भन्सार महसुल लगायतका सम्पूर्ण किसिमका करहरू भन्सार महसुल ऐन, २०८१ को दफा (१३) तथा प्रचलित कानुन बमोजिम छुट (TAX exemption) गराउनका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, अर्थ मन्त्रालय लगायतका सम्वद्ध निकायहरुमा आवश्यक सिफारिस तथा समन्वय गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ३:** प्रस्ताव नं ३ उपर छलफल गर्दा जनवादी गणतन्त्र चीनको स्वशासित क्षेत्र तिब्बतस्थित नीलम (Nyalam) वैदेशिक मामिला कार्यालयबाट प्राप्त हुने सुनिश्चित भएको १ थान SZ776 मोडलको ब्याकहो लोडर (Backhoe Loader) भन्सार बिन्दुबाट गाउँपालिकाको केन्द्रसम्म ल्याउँदा लाग्ने ढुवानी, बिमा, प्रशासनिक तथा अन्य सम्पूर्ण भौतिक एवं वित्तीय दायित्वहरू यसै गाउँपालिकाले व्यहोर्ने प्रतिवद्धता व्यक्त गर्दै सो प्रक्रियाका लागि आवश्यक सम्पूर्ण समन्वय र पत्राचार गर्न कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो